# बेलका नगरपालिका
## प्रदेश नं.१
## ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका-२०७९

बेलका नगरपालिका जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधी-२०७९

**बेलका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,रामपुर,उदयपुर**

**१.परिचयः** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भभाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न बेलका नगरपालिका ज्येष्ठ नागरिक परिचय–पत्रवितरण निर्देशिका २०७८, जारी गरिएकोछ।

## २. परिचय–पत्र वितरणका आधारहरुः

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को नियम१५अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका आधार हुनेछन्।

## ३. उद्देश्यः

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र पालिका तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

## ४. लक्षितवर्ग

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी(६०) वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु।

## ५.ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को नियम१४को उपनियम(१)बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छः

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,
(ङ) एकल ज्येष्ठ नागरिक।

बेलका नगरपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि-२०७९

## ६. परिचय–पत्रवितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को नियम १५बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई ज्येष्ठ मात्र नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ।

## ७. ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिक परिचय–पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ। साथै जेष्ठ नागरिक परिचय पत्र प्राप्तीका लागि पेश गरिने निवेदनको ढाँचा यसै निर्देशिकाको अनुसूची २(क) बमोजिमको हुनेछ।

## ८. परिचय–पत्रवितरण प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी(६०) वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित वडाका वडाअध्यक्ष  समक्ष निवेदन दिनु पर्नेछ।

(ख) निवेदन साथ आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि,अन्य जिल्लाको नागरिकताको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपी, दुई(२) प्रति अटो साइजको फोटो संलग्न गर्नुपर्ने छ। उमेर प्रयोजनको लागि नागरिकताको–प्रमाणपत्रलाई आधार मानिनेछ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने निकाय सम्बन्धित स्थानीय तहको महिला बालबालिका शाखाको कर्मचारी हुनेछ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत (अनुसुची२(ख)अनुसार तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी सम्बन्धित शाखामा  राखी चौमासिक रुपमा बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। उक्त लगत वेलका नगरपालिकाको कार्यालय मार्फत बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारीको लागि पठाउनु पर्नेछ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित नगर कार्यपालिकामा निवेदन पेश गर्नुपर्ने छ।

## ९. विविध

क) ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका लागि थप कार्यविधि तथा स्पष्टता आवश्यक परेमा नगर कार्यपालिकाले आफै निर्धारण गर्नेछ।

(ख) ज्येष्ठ नागरिक परिचय–पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक अन्य कुनै दुविधा उत्पन्न भएमा प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले  निर्धारण गरे बमोजिम हुनेछ।

बेलका नगरपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधी-२०७९

(ग) यो निर्देशिका नगर कार्यपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ।यो निर्देशिका जारी हुनुभन्दा अघि जारी भएका ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ।

बेलका नगरपालिका जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधी-२०७९

अनुसूची १

# ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

## ज्येष्ठ नागरिक परिचय पत्र

बेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय ,रामपुर,उदयपुर

*ज्येष्ठ नागरिक परिचय पत्र*

फोटो

परिचय पत्र नं..............

नाम थर.....................................................

ना.प्र.नं...............................जारी भएको जिल्ला.......................

स्थाई ठेगानाः जिल्लाः...................न.पा..............................

वडा नं..............टोल..............................उमेर.................लिङ्ग.................

उपलब्ध छुट तथा सुविधाहरु...............................................................

पति/पत्निको नाम.........................................................

संरक्षकको नाम................................................ठेगाना......................

सम्पर्क नं.........................................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधीको नाम..................................

सार्वजनिक स्थान तथा कार्यमा प्राथमिकता

प्रमाणित गर्ने

दस्तखतः...................................

नाम थरः.....................................

पदः...........................................

मितिः....................................

कृपया यो परिचयपत्र कसैले पाएमा सम्बन्धित वडा कार्यालय,वा प्रहरी कार्यालयमा बुझाईदिनु होला।

बेलका नगरपालिका ज्ये

**Belaka Municipality,Udayapur**
***Senior Citizen Identity Card***

**Card No……………**

**Name…………………………………………………**

**Citizenship No……………………………**

**Age:………………   Gender: ………………**

**Address:Udyapur District,Belaka Municipality,Ward No……………….**

**Blood Group…………………………**

**Contact No:…………………………**

**Avaiable Discount and Services………………………………**

| |
|---|
| **Priority in Public Place and Work** |

**Approved By:**

**Signature:………………………………**

**Name:…………………………………**

**Designation:………………………………………**

**Date:…………………………………**

**If you found this card,please return back it in this Office or in District Police Office.**

बेलका नगरपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका

फोटो

## अनुसूची २(क)
## (निवेदन पत्र)

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेलका नगरपालिकाको कार्यालय,उदयपुर।

विषयःजेष्ठ नागरिक परिचयपत्र पाउँ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ बमोजिम म........................................... ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को नियम १५ तथा बेलका नगरपालिकाका ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका,२०७४मा व्यावस्था भएबमोजिम सोही निर्देशिकाको अनुसूची २ बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई पाउँ भनी तपशिलको ब्यात्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

जेष्ठ नागरिकको व्यात्तिगत अभिलेख विवरण

१.ज्येष्ठ नागरिकको व्यात्तिगत विवरण

क)ज्येष्ठ नागरिकको नामथरः

ख)वाबु/आमाको नाम थरः

ग)पति/पत्नीको नाम थरः

घ) जन्म मिति र स्थानः

ङ)ठेगानाः

च)लिङ्गः

छ) नागरिकता प्र.प्र.नं.

ज)स्वास्थ्य सम्वन्धी विवरण(रक्त समूह,कुनै विशेष रोग,शारिरीक अपांगता वा दीर्घरोग भए खुलाउने)

२.जेष्ठ नागरिकको परिवार सम्बन्धी विवरण

क)जम्मा सन्तति संख्याः (१)छोरा संख्याः (२) छोरी संख्याः

ख)परिवारको सदस्य सम्वन्धि विवरणः(छोरा,वुहारी,छोरी मध्ये सगोलको सदस्यलाई प्राथमिकताक्रम अनुसार राखे

| क्रस. | नाम थर | उमेर | नाता | ब्यावसाय | ठेगाना | सगोलको | छुट्टिई भिन्न बसेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

(घ)अन्य पारिवारिक पृष्ठभूमिः

(ङ)हेरचाह केन्द्रमा बसेको भए सोको विबरणः

३.ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षताः

(क) शैक्षिक योग्यताः............(ख) पेशागत दक्षताः....................(ग) अनुभवको क्षेत्रः.................

४.ज्येष्ठ नागरिकको सम्पत्ति विवरणः (क) चल सम्पत्ति (ख) अचल सम्पत्ति

५.सम्पर्क गर्ने ब्यात्तिको नाम थर ठेगाना र मोवाईल नं..................

६.पेश गरेको कागजातको विवरणः(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ख) बाह्य जिल्लाको हकमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी)

निवेदक

नाम थरः.................

दस्तखतः.............

ठेगानाः..................

सम्पर्क नं..............

फोटो

अनुसूची २(ख)

## कार्यालयमा राखिने ज्येष्ठ नागरिकको ब्यक्तिगत बिवरण

जेष्ठ नागरिकको व्यक्तिगत अभिलेख विवरण

१.ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

क)ज्येष्ठ नागरिकको नामथरः                    ख)वाबु/आमाको नाम थरः

ग)पति/पत्नीको नाम थरः                    घ) जन्म मिति र स्थानः

ङ)ठेगानाः                    च)लिङ्गः

छ) नागरिकता प्र.प्र.नं.

ज)स्वास्थ्य सम्वन्धी विवरण(रक्त समूह,कुनै विशेष रोग,शारिरीक अपांगता वा दीर्घरोग भए खुलाउने)

२.जेष्ठ नागरिकको परिवार सम्बन्धी विवरण

क)जम्मा सन्तति संख्याः          (१)छोरा संख्याः          (२) छोरी संख्याः

ख)परिवारको सदस्य सम्वन्धि विवरणः(छोरा,वुहारी,छोरी मध्ये सगोलको सदस्यलाई प्राथमिकताक्रम अनुसार राख्ने

| क्रस. | नाम थर | उमेर | नाता | ब्यावसाय | ठेगाना | सगोलको | छुट्टिई भिन्न बसेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

(घ)अन्य पारिवारिक पृष्ठभूमिः

(ङ)हेरचाह केन्द्रमा बसेको भए सोको विबरणः

३.ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षताः

(क) शैक्षिक योग्यताः............(ख) पेशागत दक्षताः...................(ग) अनुभवको क्षेत्रः.................

४.ज्येष्ठ नागरिकको सम्पत्ति विवरणः          (क) चल सम्पत्ति          (ख) अचल सम्पत्ति

५.सम्पर्क गर्ने ब्यक्तिको नाम थर ठेगाना र मोवाईल नं..................

६.पेश गरेको कागजातको विवरणः(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ख) बाह्य जिल्लाको हकमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी

आज्ञाले

प्रमाणित गर्ने

नाम थरःराम प्रसाद वाग्ले

दस्तखतः

पदःप्रमुख प्रशासकीय अधिकृत

कार्यालयः-बेलका नगरकार्यपालिकाको कार्यालय

बेलका नगरपालिका जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७९